**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक, ललितपुर**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**<u>फैसला</u>**

२०७७/०७८ सालको निर्णय नं. ११३

पुनरावेदन नं. : ०७५-RB-०३६३

पुनरावेदन दर्ता मितिः २०७६।०२।१३

**<u>मुद्दाः मूल्य अभिबृद्धि कर। (२०६९/०७०)</u>**

का.जि. का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर स्थित कार्यालय रहि संचालनमा रहेको नेशनल इन्स्योरेन्स कम्पनी लि.को अख्तियार प्राप्त मानव श्रोत तथा विकास प्रमुख रश्मी राउत ............................................................१ } पुनरावेदक

**<u>विरूद्ध</u>**

श्री ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर ................................१
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ...............................१ } प्रत्यर्थी

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री गोपाल प्रसाद घिमिरे
शुरु निर्णय मिति : २०७४।०४।२२

**प्राशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीः**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजश्व विभाग, लाजिम्पाट काठमाडौ
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल
निर्णय मितिः २०७५।११।२६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री भरत कुमार लकाई
प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

ठूला करदाता कार्यालय, हरीहरभवन, ललितपुरको मिति २०७४।०४।२२ र आन्तरिक राजस्व विभाग, काठमाडौंको मिति २०७५।११।२६ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. पुनरावेदक करदाता नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेडको आर्थिक वर्ष २०६९।०७० को कर परीक्षण सम्पन्न भई पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० बामोजिम कर निर्धारण गरी मूल्य अभिबृद्धि कर नियमावलि, २०५३ को नियम २९(१) वमोजिम कर, थप दस्तुर, ब्याज र जरिवाना गरी जम्मा रु. १,१५,५१९।०० (अक्षरेपी एक लाख पन्ध्र हजार पाँच सय उन्नाईस रुपैयाँ मात्र) निर्धारण गर्नुपर्ने आधार र कारण संलग्न गरी प्रारम्भिक कर निर्धारण गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०३।२२ मा जारी भएको आदेश ।
२. मिति २०७४।०३।२२ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७४।०४।०१ मा बुझिलिई मिति २०७४।०४।१५ मा जवाफ पेश गरेको।
३. पुनरावेदक कम्पनीको सुविधा योजना अन्तर्गतका सवारी साधन कम्पनी तथा निजी काममा लागि प्रयोग हुन सक्ने, कर्मचारीले व्यक्तिगत रुपमा प्रयोग गर्ने र भोगाधिकार समेत पूर्ण रुपमा कर्मचारीकै रहने भन्ने व्यवस्था गरेको पाइयो। सवारी साधन सुविधा अन्तर्गत कम्पनीले सवारी साधन खरिद गर्दाको अवस्थामा नै कर्मचारी र कम्पनीबीच संझौता हुने, कर्मचारीको छनौटमा सवारी साधन खरिद हुने, सवारी साधनको प्रयोग सम्बन्धित कर्मचारीले २४ सै घण्टा निर्वाध रुपले गर्न सक्ने, निश्चित सीमा भन्दा बढीको मर्मत तथा इन्धन खर्च सम्बन्धित कर्मचारीले नै व्यहोर्नुपर्ने, कर्मचारीले कम्पनिको काम तथा आफ्नो व्यक्तिगत प्रयोग समेत गर्ने गरी खरिद गरिएको सो सवारी साधन निश्चित समयपछि बाँकी हुने किताबी मूल्यमा नै कम्पनीले आफ्नै प्रक्रिया वमोजिम सम्बन्धित कर्मचारीको नाममा हस्तान्तरण गर्ने व्यवस्था भएकोले कम्पनीलाई भविष्यमा समेत कुनै आर्थिक लाभ हुने नदेखिएकोले पनि कम्पनीको पूर्ण स्वामित्वको सवारी साधन हो भन्ने आधार देखिएन। अतः कर्मचारीको स्वामित्वमा नै सवारी साधन भएको पुष्टी हुने हुँदा कम्पनीले उक्त सवारी साधनको खरिदमा दाबी गरेको मू.अ.कर क्रेडिट नपाउने देखिएकोले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा नियमावली, २०५३ को नियम २९(३) वमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्नुपर्ने

भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०४।२२ मा भएको निर्णय ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०४।२२ मा भएको कर निर्धारण निर्णयमा चित्त नबुझाई करदाता नेशनल इन्स्योरेन्स कम्पनी लि.ले प्रशासकीय पुनरालोकनका लागि मिति २०७४।०७।१२ मा आन्तरिक राजश्व विभागमा पेश गरेको निवेदन।

५. यसमा निवेदकबाट पेश हुन आएको निवेदन जिकिर, कार्यालयको प्रतिक्रिया, कर निर्धारण निर्णयको बेहोरा एवं फाईलसाथ संलग्न विवरण तथा प्रमाण समेतको अध्ययन, विश्लेषण गर्दा ठूला करदाता कार्यालयबाट मिति २०७४।०४।२२ मा भएको कर निर्धारण कानूनसम्मत नै भएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजश्व विभागबाट मिति २०७५।११।२६ मा भएको निर्णय।

६. पुनरावेदक कम्पनीले आफ्नो नाममा खरिद गरेको सवारी साधनको स्वामित्व हालसम्म पनि कम्पनीमा नै निहित छ। उक्त सवारी साधनको जोखिम न्युनीकरणको लागि बिमा गराई सो वापत तिर्नुपर्ने प्रिमियम भुक्तानी गरेको बिल भर्पाईबाट पुष्टि भै रहेको छ। कम्पनीको बजार प्रबर्द्धनमा कार्य गर्ने बजार प्रतिनिधिहरुलाई सम्झौता वमोजिम कर्जा प्रवाह गरी उक्त कर्जा रकममा लाग्ने ब्याज बराबरको रकम सवारी प्रयोगकर्ताको वार्षिक आयमा समावेश गरी कर समेत कट्टा गरिएको छ। कम्पनीको कामको लागि प्रयोग हुने ती सवारी साधनको खर्च व्यक्तिगत र व्यवसायसँग असम्बन्धित हुन सक्दैन। कम्पनीको कामको लागि असल नियतका साथ भएको आपसी सम्झौता बमोजिम कम्पनीको कामको लागि खरिद भएका सवारी साधनको कर र विमा वापत तिरेको रकम कम्पनीको वास्तविक खर्च भएकाले उक्त रकममा तिरेको मूल्य अभबृद्धि कर क्रेडिट दाबी भुक्तानी गरेको रकमलाई अमान्य गरी भएको कर निर्धारण कानून विपरित भएकाले ठूला करदाता कार्यालयबाट भएको कर निर्धारणको निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागबाट मिति २०७५।११।२६ मा भएको निर्णय बदर गरी पाउँ भन्ने पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिल कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०९।०३ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक पक्षबाट उपस्थित विद्वान अधिवक्ता श्री भरत कुमार लकाईले कर्मचारीलाई सवारी साधन सुविधा अन्तर्गत खरीद भएका सवारी साधनहरु बैंककै आय आर्जनको काममा प्रयोग भएको हुँदा उक्त सवारी साधन खरिद गर्दा तिरेको मू.अ.कर मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा

१७(२) बमोजिम क्रेडिट दावी पाउनु पर्नेमा उक्त क्रेडिट दावी अमान्य गरी भएको शुरुको निर्णय सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकनको निर्णय त्रुटिपुर्ण हुँदा बदर हुनु पर्छ भनी  बहस गर्नु भयो ।

९. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान उपन्यायधिवक्ता श्री दिपक भण्डारीले कम्पनीका कर्मचारीलाई सम्झौताका माध्यमबाट सवारी साधन सुविधा दिईएको र पछि कर्मचारीकै नाममा हस्तान्तरण हुने हुँदा कर्मचारीको Possession Right  हुने, सबै कर्मचारीले प्रयोग गर्न नपाउने, इन्धन र मर्मत निश्चित सीमा भन्दा माथि सम्बन्धित कर्मचारीले व्यहोर्नु पर्ने लगायतका कारणले सवारी साधन व्यवसायको आय आर्जनमा मात्र प्रयोग भएको नदेखिँदा उक्त सवारी साधनको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर क्रेडिट दावी अमान्य गरेको र कर लाग्ने मूल्यमा मात्र मू.अ.कर माग गरिएको शुरुको निर्णय सदर गरेको प्रशासकीय पुनरावलोकनको निर्णय सदर कायम हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नु भयो ।

१०. उपरोक्तानुसार दुवै पक्षका विद्वानहरुको बहस सुनी, पुनरावेदनपत्र सहितका मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी निर्णय दिनु पर्ने देखिन आयो ।

११. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्न बमोजिम हुने देखिन आयो ।

१२. <u>सवारी साधनमा तिरेको मूल्य अभिवृद्धिकर क्रेडिट दावी सम्बन्धमाः-</u> पुनरावेदक करदाताले आफ्ना कर्मचारीलाई उपलब्ध गराएको सवारी साधन खरिदमा तिरेको मूल्य अभिवृद्धि कर करकट्टी दावी लिएको देखियो । मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १७(१) मा दर्ता भएको व्यक्तिले आफ्नो करलाग्ने कारोबारसंग सम्बन्धित बस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नु पर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । करदाताको शुरुको जवाफ एवं पुनरावेदनपत्र बाट समेत कर्मचारीलाई उपलब्ध गराईएको सवारी साधन सबै कर्मचारीले प्राप्त गर्न नसकेको, उक्त सवारी साधनहरु कम्पनिमा कार्यरत सुविधा योजनामा परेका कर्मचारीहरुले निर्वाध प्रयोग गर्न पाउने, सबै कर्मचारीले प्रयोग गर्न नपाउने, कर्मचारीको तलबबाट किस्ता रकम प्राप्त भइ सकेपछि सम्बन्धित कर्मचारीलाई नै हस्तान्तरण हुने भन्ने समेत देखिएको र यसै लगाउको यिनै पुनरावेदकको ०७६-RB-०३६२ को आयकर मुद्दामा आजै यस इजलासबाट सवारी साधनहरु पुनरावेदक कम्पनीको व्यवसायसंग सम्बन्धित नदेखिई उक्त सवारी साधनको सवारी कर एवं विमा खर्च समेतको खर्च कट्टी अमान्य भएको शुरुको निर्णय सदर भएको हुँदा प्रस्तुत मुद्दामा समेत पुनरावेदक करदाताले कर्मचारीलाई उपलब्ध गराउन खरिद गरेका सवारी साधन करदाताको करयोग्य व्यवसाय संग सम्बन्धित नदेखिएको हुँदा मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १७(१) बमोजिम उक्त सवारी साधनको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर क्रेडिट अमान्य गरी कर थप दस्तुर व्याज र जरिवाना असुल गर्ने गरी गरेको

शुरु ठूला करदाता कार्यालयको निर्णय सदर गरेको प्रशासकीय पुनरावलोकनको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन ।

१३. अतः यसमा स्थायी लेखा नं.५०००७३०३४ भएका पुनरावेदक करदाता नेशनल इन्स्योरेन्स कम्पनि लि.को आ.ब.२०६९/७० को मूल्य अभिवृद्धिकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय हरिहरभवन ललितपुरबाट मिति २०७४/४/२२ मा भएको निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/११/२६ को निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

प्रस्तुत मुद्दा फैसला भएको जानकारी विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई दिनू...१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू.........................................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू...................................................३

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

विश्वराज कुइकेल (शाखा अधिकृत)

टिपोट हेमन्त फुयाँल(ना.सु.)

इतिसम्बत २०७७ साल फागुन १९ गते रोज ४ शुभम्.....................